५. रु. ५,००१ देखि १०,००० सम्म बुँदा नं. ४ का सबै सम्मान सहित कदरपत्र, दोसल्ला ओढाई सम्मान गरिने छ ।

६. रु. १०,००१ देखि रु. २५,००० सम्म बुँदा नं. ५ का सबै सम्मान सहित दानबीरको नाम भित्ते लेखनमा लेखिने छ ।

७. रु. २५,००१ देखि रु. ५०,००० सम्म बुँदा नं. ६ का सबै सम्मान सहित फ्लेक्स ब्यानरमा नाम, फोटो प्रकाशित गरिने छ।

८. रु. ५०,००१ देखि रु. १,००,००० सम्म बुँदा नं. ७ का सबै सम्मान सहित दानवीरको परिवारलाई बाजागाजासहित सम्मान गरिने छ ।

९. रु.१,००,००१ देखि रु.२,००,००० सम्म बुँदा नं.८ का सबै सम्मान सहित सभाहलमा दानवीर एक जनाको फोटोफ्रेम राखिने छ।

१०. रु. २,००,००१ देखि रु. ५,००,००० सम्म बुँदा नं. ९ का सबै सम्मान सहित सभाहलमा दानवीर परिवारको संयुक्त फोटोफ्रेम राखिने छ ।

११. रु. ५,००,००१ देखि रु. ७,५०,००० सम्म बुँदा नं. १० का सबै सम्मान सहित कुनै एक विषयगत प्रयोगशाला निज दानवीरको नामबाट नामाकरण गरिने छ ।

१२. रु.७,५०,००१ देखि १०,००,००० सम्म बुँदा नं. ११ का सबै सम्मान, स्वर्ण महोत्सव समारोहका संरक्षकहरुबाट बिशेष सम्मान गरिने छ ।

१३. रु. १०,००,००१ देखि रु. १५,००,००० सम्म बुँदा नं. १० का सबै सम्मानसहित सभाहललाई दानवीरको नामबाट नामाकरण गरिने छ ।

१४. रु. १५,००,००१ देखि रु. २०,००,००० सम्म बुँदा नं. १० का सबै सम्मानसहित बाल विकास केन्द्र कक्षालाई दानवीरको नामबाट नामाकरण गरिने छ ।

१५. रु. २०,००,००१ देखि रु. ३०,००,००० सम्म बुँदा नं. १० को सबै सम्मान सहित कुनै एक चारकोठा ब्लकलाई दानवीरको नामबाट नामकरण र रथारोहण गरिने छ ।

१६. रु. ३०,००,००१ देखि माथि बुँदा नं. १५ को सबै सम्मान सहित परिवारको स्मृतिमा मूर्ति स्थापना गरिने छ ।

## शैक्षिक विकास तथा विद्यार्थी कल्याण अक्षय कोष स्थापनार्थ कार्यविधि:

१. स्वर्ण महोत्सवका अवसरमा संकलन भएको जम्मा रकम मध्ये स्वर्ण महोत्सव शीर्षक अन्तर्गत प्रस्तुत योजनामा खर्च भएको बाहेक बाँकी रहेको रकम **शैक्षिक बिकास तथा बिद्यार्थी कल्याण अक्षय कोष** स्थापना गरि 'क' श्रेणीको बैंकमा मुद्धती खाता खोली जम्मा गरिने छ ।

२. शैक्षिक बिकास तथा बिद्यार्थी कल्याण अक्षय कोषमा जम्मा भएको रकमबाट बार्षिक रुपमा प्राप्त हुने ब्याज मध्येबाट ५० प्रतिशत रकम शैक्षिक विकास कार्यक्रममा, २५ प्रतिशत जेहेन्दार विद्यार्थी छात्रवृती र २५ प्रतिशत गरिब तथा विपन्न विद्यार्थी सहयोग शीर्षकमा खर्च गरिनेछ ।

३. माथी उल्लेखित शीर्षकहरूमा खर्च गर्नको लागि विद्यालयको वार्षिक कार्यक्रममा योजना समावेश भई पारित भएपश्चात कार्यान्वयन हुनेछ।

४. आर्थिक सङ्कलनको आधारमा माडी नगरपालिका भित्र सञ्चालन नभएको व्यवसायिक वा प्राविधिक विषय कक्षा ९-१२ मा सञ्चालन गरिने छ ।

## स्वर्ण महोत्सव २०८१ कार्यक्रमहरू

| मिति | कार्यक्रमहरू |
|---|---|
| पुष ४ | पत्रकार सम्मेलन |
| पुस १४ | अभिभावक सचेतना तथा शैक्षिक अन्तरक्रिया कार्यक्रम |
| पुस १६-१९ | अन्तर सदनात्मक खेलकुद प्रतियोगिता |
| पुस १७ | पूर्व विद्यार्थी पुर्नमिलन कार्यक्रम |
| पुस १८ | पूर्व शिक्षक, पूर्व प्र.अ. पुर्नमिलन कार्यक्रम |
| | स्व. सूर्य अधिकारी, स्व. बेग बहादुर खत्री स्मृति मा.वि. स्तरीय भलिबल प्रतियोगिता (छात्र/छात्रा) |
| पुस २१ | माडीनगर माध्यमिक विद्यालयस्तरीय कवितावाचन प्रतियोगिता |
| पुस २२ | लिडर फिडर विद्यालय बीच प्रतियोगितात्मक कार्यक्रम |
| पुस २२-२४ | सामुदायिक सरसफाई कार्यक्रम (माडी नगरपालिका वडा नं. १ र २ मा टोलटोलमा सरसफाई अभियान कार्यक्रम) |
| पुस २३ | जिल्लास्तरीय साहित्यिक गोष्ठी |
| पुस २४ | जिल्लास्तरीय निबन्ध प्रतियोगिता (विद्यालयस्तरीय) |
| पुस २६-माघ ३ | विषयगत प्रदर्शनी (विज्ञान, सामाजिक, गणित आदि) |
| पुस २६ | स्वर्ण महोत्सव समारोह उद्घाटन कार्यक्रम (नेपाल सरकारका वर्तमान शिक्षा मन्त्री माननीय विद्या भट्टराई ज्यूबाट) |
| | माडीस्तरीय मैत्रीपूर्ण शिक्षक भलिबल उद्घाटन |
| पुस २७ | माडीस्तरीय मैत्रीपूर्ण शिक्षक भलिबल |
| | टोलटोलबीच हाजिरीजवाफ प्रतियोगिता (वडा नं. १ र २) |
| | बृहत खुल्ला रक्तदान कार्यक्रम |
| पुस २८ | माडीस्तरीय मैत्रीपूर्ण शिक्षक भलिबल प्रतियोगिता फाइनल |
| | राष्ट्रिय कलाकारहरूको प्रस्तुती तथा नाटक प्रदर्शनी |
| | माडीनगर विद्यालय स्तरीय नृत्य प्रतियोगिता |
| पुस २९ | सोमेश्वर मा.वि. स्काउटको दिक्षान्त समारोह |
| माघ २ | विविध साँस्कृतिक कार्यक्रम |
| | टोलटोल बीच भजन प्रतियोगिता (वडा नं. १ र २) |
| | आन्तरिक पुरस्कार वितरण कार्यक्रम |
| माघ ३ | **स्वर्ण महोत्सव मूल समारोह कार्यक्रम** (नेपालका पूर्व प्रधानमन्त्री सम्माननीय पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूबाट) |
| | सम्मान कार्यक्रम तथा स्वर्ण स्मारिका विमोचन |
| | साँस्कृतिक, भेषभुषा तथा झाँकी प्रर्दशनी |
| | प्रमुख अतिथिबाट सम्बोधन |
| | समापन तथा साँझ दीप प्रज्वलन |

नोट : आर्थिक सहयोगका लागि तपसिल बमोजिमको बैंक खाता नम्बर वा QR कोड प्रयोग गरी सहयोग गर्न सकिने कुरा सविनय अनुरोध गर्दछौं ।
**Rastriya Banijya Bank Ltd.**
**Someshwar Ma Vi Sworna Mahotsab 2081**
**1460100000328001**

SCAN & PAY

"व्यवहारिक र सिपमूलक गुणस्तरीय शिक्षा: हाम्रो प्रतिबद्धता"

# सोमेश्वर माध्यमिक विद्यालय

माडी नगरपालिका-१, बरुवा, चितवन
स्था. २०२८



# सादर निमन्त्रणा

श्री ........................................................ ज्यू,
........................................................

## अभिभावक, अतिथि, विशिष्ट अतिथि

यस सोमेश्वर माध्यमिक विद्यालयको गरिमामय स्वर्ण महोत्सव समारोह २०८१ पौष २६ गतेदेखि माघ ३ गतेसम्म विविध कार्यक्रमसहित सु-सम्पन्न हुन गईरहेको कुरा सहर्ष जानकारी गराउँदै उक्त कार्यक्रमहरुमा यहाँको गरिमामय उपस्थितिको लागि सादर आमन्त्रण गरिन्छ ।

| | |
|---|---|
| इन्दिरा तिवारी | सु. लेख बहादुर गुरुङ |
| प्रधानाध्यापक | वि.व्य.स. अध्यक्ष |
| सचिव: मूल आयोजक समिति | अध्यक्ष: मूल आयोजक समिति |
| ९८५५०८४३९६ | ९८४५४२१२६७ |

**स्वर्ण महोत्सव समारोह मूल आयोजक समिति**

सम्पर्क नं. ९८५५०७७६८० (स.प्र.अ.)
९८४५०९१४८० (स. प्र.अ.), ९८४५६७४३८३ (लेखा)
Email: someshwarhss@gmail.com
Website: someshwarhss.edu.np
www.facebook.com/someshwarhss

## १) विद्यालयको संक्षिप्त परिचय :

बागमती प्रदेश, चितवन जिल्ला भरतपुर सदरमुकामदेखि करिब ४० कि.मि. दक्षिणमा माडी नगरपालिका वडा नं. १, बरुवामा सोमेश्वर माध्यमिक विद्यालय अवस्थित छ ।

हरेक शैक्षिक प्रतिष्ठानको प्रार्दुभावमा स्थानीयवासीको चेतनाले पहल गरेको हुन्छ । सुषुप्त शैक्षिक चेतनाले मूर्तरुप लिएपछि नै यस संस्थाको विजारोपण गर्ने गराउने कार्य भएको पाइन्छ । विशेषत: वि.सं. २०१० साल अघि यस क्षेत्रमा औपचारिक रुपमा शिक्षा हासिल गर्ने कुनै व्यवस्था भएको देखिदैन । यद्यपी शैक्षिक इतिहासलाई खोतल्दै जाँदा यहाँ प्राचीनकालमा गुरुकुल शिक्षा रहेको देखिन्छ भन्ने वाल्मीकी ऋषिको आश्रम यसै वडाको सिमाक्षेत्रमा रहेको तथ्यले पुष्टि गर्दछ। आदिवासी थारूजातीको बाहुल्यता रहेको यस क्षेत्रमा जमिन्दारहरूले छिमेकीमुलुक भारतको बिहारबाट शिक्षक ल्याई अनौपचारिक शिक्षाको व्यवस्था गरेको पाइन्छ । वि.स. २०१५ सालपछि चितवनको वनफडानी गरी पुनर्वास कम्पनीद्वारा बस्ती बसाउन थालेपछि विभिन्न पहाडी जिल्लाबाट बसाइँसराइ भई विभिन्न जातिहरू यस क्षेत्रमा आइबसोबास गर्न थाले। यसरी आएका विभिन्न समूहको सम्पर्कबाट यस क्षेत्रमा शिक्षाको ज्योति बाल्न थालेको पाइन्छ ।

वि.सं. २०१० सालमा यसै क्षेत्रमा थारुजातिका अगुवा श्री ठगा बहिदार महतो, श्री रामप्रसाद महतो लगायत अन्य महानुभावहरूको सक्रियतामा शिक्षा दिन थालियो, त्यसपछि विद्यालयको रुपमा यसै माडी नगरपालिका वडा नं. २ मा पर्ने चिरौलीमा प्राथमिकस्तरको चिरौलीको बगैचामा सारियो जुन साबिक गर्दी र बघौडा गाविसको साझा विद्यालयको रुपमा सञ्चालन भयो । वि.सं. २०१६ सालमा दुवै साविक गाविसको खिचातानीले विद्यालय विभाजित भै तत्कालीन अवस्थाका शिक्षक राधो मिश्र, स्व. बुद्धिराम गुरौं, स्व. मायाराम गुरौंहरूको सक्रिय सहभागितामा यस विद्यालयलाई वि.सं. २०१९ सालमा "जिवनोदय प्राथमिक पाठशाला" नामाकरण गरी साविक गर्दी-३, धुर्वमा विद्यालय स्थानान्तरण गरियो । साथै यसले सरकारी मान्यता प्राप्त गरी अनिवार्य नि:शुल्क प्राथमिक शिक्षा सुरु गऱ्यो । र सो विद्यालयलाई वि.सं. २०२१ मा गर्दी-८, बरुवामा स्थानान्तरण गरी राप्रावि बरुवाको नाममा सञ्चालन भयो।

वि.सं. २०२६ सालमा यसै क्षेत्रका शिक्षाप्रेमी हरिविलास पन्त, खडानन्द न्यौपाने, चन्द्रबहादुर क्षेत्री, डाँसीराम पाठक आदि महानुभावहरूको सक्रियतामा साविक गर्दी गाविसको चिरौलीमा माडी माध्यमिक विद्यालय स्थापना भयो । वि.सं. २०२८ सालमा यसलाई साबिक बघौडा गाविसमा स्थानान्तरण गरियो र सो ठाउँमा गर्दी निमावि चिरौली कायम रह्यो । वि.सं. २०४० सालमा नैनबहादुर गुरुङ, विश्वनाथ प्रसाद महतो, डाँसीराम पाठक, लोकनाथ पाठक, हरिविलास पन्त, खडानन्द न्यौपाने, चन्द्रबहादुर क्षेत्री, दलबहादुर घले, गोपी महतो, बाबुराम महतो आदि महानुभावको सक्रियतामा श्री गर्दी निमावि चिरौलीलाई राप्रावि बरुवा भएको ठाउँमा स्थानान्तरण गरी दुवै विद्यालयलाई मर्ज गरेर सोमेश्वर माध्यमिक विद्यालय, बरुवा नामाकरण गरी प्रस्तावित माविको रुपमा सञ्चालन गरियो । त्यस समयमा भवन निमार्ण समितिको अध्यक्षमा गंगाधार पौडेल, प्र.अ.को रुपमा कृष्ण बहादुर रानाभाट हुनुहुन्थ्यो । तत्कालीन प्रधानपञ्च विश्वनाथ प्रसाद महतो, उप-प्रधानपञ्च डाँसीराम पाठक र जिल्ला पञ्चायत चितवनका सभापति टेक प्रसाद गुरुङको विशेष पहलमा वि.सं. २०४२ साल माघ ३ गते स्व. राजा विरेन्द्र शाह र स्व. रानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहको सवारी भई विद्यालयलाई मा.वि. स्थायी स्वीकृति प्रदान गर्ने कार्य सम्पन्न भयो । त्यस बखत प्र.अ.को रुपमा रवीकिरण निर्जीव हुनुहुन्थ्यो। साथै पहिलो **SLC** २०४३ मा जम्मा विद्यार्थी ३० जना सहभागी भएका थिए।

वि.सं. २०४५ सालमा तत्कालीन वि.व्य.स. अध्यक्ष नैनबहादुर गुरुङको संयोजकत्वमा र प्र.अ. कृष्ण बहादुर रानाभाटको प्रधानाध्यापकत्वमा ५९ सदस्यीय समिति गठन गरी धनधान्याञ्चल महायज्ञ सम्पन्न भएको थियो । जसमा करिब २ लाख ५० हजार नगद र १५० कुइन्टल धान संकलनबाट आर्थिक व्यवस्थापन गरी विद्यालय सञ्चालन गरियो ।

वि.सं. २०५४ साल गा.वि.स अध्यक्ष ठाकुर प्रसाद ढकालको संयोजकत्वमा बिगहटी उठाएर १०+२ सञ्चालनार्थ आर्थिक संकलन जम्मा भएको थियो । उक्त समयमा वि.व्य.स. अध्यक्ष छविलाल भट्टराई रहनु भएको थियो भने प्र.अ. रामचन्द्र देवकोटा हुनुहुन्थ्यो । वि.सं. २०६४ सालमा १०+२ संयोजक लक्ष्मीकान्त सापकोटा, प्र.अ. अर्जुनानन्द अधिकारी, वि.व्य.स. अध्यक्ष दिनकर पौडेल भएको समयमा १०+२ कक्षा बिहानीको समयमा शिक्षा र व्यवस्थापन संकाय कक्षाहरू आन्तरिक श्रोतमा शिक्षक व्यवस्थापन गरी सञ्चालन भएको थियो । वि.सं. २०६९ सालमा बिहानी सत्रमा कम्प्युटर विज्ञान विषयको पठनपाठन सुरु भएको थियो भने उक्त समयमा वि.व्य.स. अध्यक्ष भुवानी प्रसाद अधिकारी हुनुहुन्थ्यो भने वि.सं. २०७२ सालमा १०+२ तर्फ २ जना उच्च मा.वि. शिक्षक अनुदान कोटा प्राप्त गरी प्राविधिक विषय तर्फको कम्प्युटर विज्ञान कक्षा ९-१२ मा सञ्चालन गरियो उक्त समयमा वि.व्य.स. अध्यक्ष नारायण प्रसाद दवाडी हुनुहुन्थ्यो । माडी नगरपालिका शिक्षा समितिको निर्णयअनुसार राष्ट्रिय आधारभूत विद्यालय, देवीस्थानको कक्षा ४, ५ र राष्ट्रिय आधारभूत विद्यालय (१-५), चैनपुरलाई वि.सं. २०७५ सालमा र वि.सं. २०७९ पुस २० गते नि.मा.वि. भैरवपुरलाई सोमेश्वर मा.वि.मा मर्ज गरिएको थियो ।

यसरी विद्यालयको स्थापनाकालदेखि हालसम्म यस स्थानमा विद्यालयलाई ल्याई पुऱ्याउन प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने पूर्व वि.व्य.स. अध्यक्षहरू, पूर्व प्र.अ.हरू लगायत सबै सबै पक्षमा विद्यालय परिवार हार्दिक कृतज्ञता जाहेर गर्दछौं ।

वि.सं. २०८१ साल सम्म आइपुग्दा विद्यालयको ५३औं वसन्तको सन्दर्भमा यस क्षेत्रका जनप्रतिनिधि, बुद्धिजीवी, वि.व्य.स., शि.अ.सं., शिक्षक तथा कर्मचारी, सल्लाहकार, राजनैतिक दलका व्यक्तिहरु एवम् अन्य समाजसेवी, बुद्धिजीवीहरूको संयुक्त भेलाको निर्णय अनुसार वर्तमान वि.व्य.स. अध्यक्ष श्री सु. लेखबहादुर गुरुङको संयोजकत्वमा २५१ सदस्यीय स्वर्ण महोत्सव मूल समारोह गठन गरी ४४ सदस्यीय सचिवालय साथै २४ वटा विभिन्न उपसमितिहरू गठन गरी यही २०८१ पुस २६ गतेदेखि २०८१ माघ ३ गतेसम्म विविध कार्यक्रमसहित भव्य र सभ्य रुपमा यस विद्यालयको गरिमामय स्वर्ण महोत्सव समारोह सम्पन्न गर्ने निर्णय भएको कुरा सहर्ष जानकारी गराउँदछौं । साथै यस स्वर्ण महोत्सव समारोहलाई सफलीभूत पार्न आर्थिक, नैतिक, भौतिक तथा विविध पक्षका सहयोगका लागि यहाँहरूलाई हार्दिक आव्हान गरिन्छ ।

## २) लक्ष्य:

*"व्यवहारिक र सिपमूलक गुणस्तरीय शिक्षा प्रदान गर्ने"*

## ३) रणनीतिहरु :

क) विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयभित्र प्रवेश गराउने ।
ख) बालमैत्री विद्यालयको रुपमा छुट्टै पहिचान कायम गर्ने ।
ग) शिक्षण प्रणालीमा ICT को प्रयोगमा वृद्धि गर्दै लैजाने ।
घ) व्यवहारिक र सिपमूलक शिक्षालाई जोड दिदैं कक्षा ९-१२ मा प्राविधिक विषयको शिक्षण सञ्चालन गर्ने ।
ङ) विषयगतरुपमा कमजोर विद्यार्थीहरूको पहिचान गरी उपचरात्मक कक्षा सञ्चालन गर्ने ।
च) विद्यालय नर्समार्फत विद्यार्थीहरूलाई पोषण स्वास्थ्य सम्बन्धि कक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
छ) शिक्षक अभिभावक बीच अन्तरक्रिया मार्फत अभिभावक सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

## ४) विद्यालयमा गरिएका असल अभ्यासहरु :

क) नेपाली र अंग्रेजी दुवै माध्यममा सिकाई सहजीकरण हुने गरेको ।
ख) कक्षा ६ देखि १२ सम्म कम्प्युटर शिक्षा उपलब्ध गराइएको।
ग) विद्यालयको वार्षिक कार्ययोजना अनुसार अतिरिक्त क्रियाकलाप गराई उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कृत गर्ने गरेको ।
घ) कक्षागत रुपमा पालैपालो खेलमैदान सरसफाइ गर्ने गरेको ।
ङ) व्यवस्थित पुस्तकालय, विषयगत (विज्ञान, गणित, सामाजिक) प्रयोगशाला।
च) "सिक्दै कमाउँदै, कमाउँदै सिक्दै" कार्यक्रम सञ्चालन भएको ।
छ) कक्षा ५, ८, १०, १२ मा साप्ताहिक परीक्षा सञ्चालन भएको ।

## ५) स्वर्ण महोत्सव २०८१ मा दाताहरुलाई गरिने सम्मान तथा अभिनन्दन

१. रु. १ देखि रु. ४९९ सम्म सहयोग रसिद प्रदान गरिने वा दाताले स्वेच्छिक रुपमा दान पेटिकामा राख्न सकिने ।
२. रु. ५०० देखि रु. १,००० सम्म सहयोग रसिद सहित स्वर्ण स्मारिकामा नाम प्रकासित गरिने छ ।
३. रु. १,००१ देखि रु. ३,००० सम्म सहयोग रसिद, स्वर्ण स्मारिकामा नाम प्रकाशित र मंचबाट नाम उद्घोष गरिने छ ।
४. रु. ३,००१ देखि रु. ५,००० सम्म बुँदा नं ३ का सबै सम्मान सहित माला र कदरपत्रले सम्मान गरिने छ ।